annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक १० पृष्ठ ८ | काठमाडौं, शनिबार २७ वैशाख २०८२ | वैशाख शुक्लपक्ष त्रयोदशी नेपाल संवत् ११४५ | SATURDAY, MAY 10, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित| मूल्य : रु. १०

कभर स्टोरी

# भाषामा धनी देश, कुन भाषा बोल्ने कति ?

बहुजातीय, बहुभाषिक र बहुसांस्कृतिक विविधताले धनी देश । जहाँ १२४ वटा भाषाभाषी छन् । १४२ जातजाति छन् । राष्ट्रिय तथ्यांक कार्यालयले राष्ट्रिय जनगणना २०७८ को विस्तृत प्रतिवेदन सार्वजनिक गरेको छ । जहाँ १३ नयाँ मातृभाषा थपिएका छन् । १ लाख वक्ता भएका २१ वटा भाषाको पहिचान गरेको छ । त्यसैकारण विविधताले भरिपूर्ण देश भाषाभाषीमा धनी देखिएको छ ।

सुरेन्द्र काफ्ले | *काठमाडौं*

– को रिपोर्ट

समाचार पृष्ठ २

मातृभाषाका आधारमा सबैभन्दा धेरै बोलिने १५ भाषा

| भाषा | वक्ता |
|---|---|
| नेपाली | १३,०८४,४५७ |
| मैथिली | ३,२२२,३८९ |
| भोजपुरी | १,८२०,७९५ |
| थारु | १,७१४,०९१ |
| तामाङ | १,४२३,०७५ |
| बज्जिका | १,१३३,७६४ |
| अवधी | ८६४,२७६ |
| नेवारी | ८६३,३८० |
| मगर ढुट | ८१०,३१५ |
| डोटेली | ४९४,८६४ |
| उर्दु | ४१३,७८५ |
| याक्थुङ/लिम्बु | ३५०,४३६ |
| गुरुङ | ३२८,०७४ |
| मगही | २३०,११७ |
| बैतडेली | १५२,६६६ |

मातृभाषाका आधारमा सबैभन्दा कम बोलिने १५ भाषा

| भाषा | वक्ता |
|---|---|
| कुसुण्डा | २३ |
| वनकरिया | ८६ |
| साम | १०६ |
| हरियान्वी | ११४ |
| सधनी | १२२ |
| खरिया | १३२ |
| माल्पाण्डे | १६१ |
| सुरेल | १७४ |
| बेल्हारे | १७७ |
| फाङदुवाली | २४७ |
| सिन्धी | २९१ |
| कोचे | ३३२ |
| कुमाली | ३९७ |
| तिछुरोङ पोइके | ४१० |
| ल्होमी | ४१३ |

भित्री पृष्ठ



पुनर्निर्माणको पर्खाइमा दुल्लु दरबार - पृष्ठ ३



प्राकृतिक उपचार, रोजाइमा रजहर - पृष्ठ ४



देउडा गीतमा मुन्याठो - पृष्ठ ५




डेडिकेटेड तथा ट्रंकलाइन बक्यौता उठाउन पुनरावेदनमा जान सकिने - पृष्ठ ७

# ‘नेपालमा आउने कुनै पनि सामान रोकिँदैनन्’

अन्नपूर्ण | *काठमाडौं*



नेपालस्थित भारतीय राजदूतावासले भारतले पाकिस्तान र त्यहाँका जनतामाथि आक्रमण नगरेको स्पष्ट पारेको छ। काठमाडौंस्थित भारतीय दूतावासले शुक्रबार साँझ आयोजना गरेको प्रेस ब्रिफिङमा राजदूत नवीन श्रीवास्तवले पाकिस्तानमाथि भारतको आक्रमण आतंकवाद केन्द्रित भएको बताए।

‘हामीले पाकिस्तान र पाकिस्तानी जनतामाथि आक्रमण गरेका छैनौं। हामीले त्यो गर्दा पनि गर्दैनौं। हामीले त आतंकवादी र उनीहरूको सेल्टरमाथि मात्रै प्रहार गरेका हौं,’ राजदूत श्रीवास्तवले भने। उनले पाकिस्तानी आतंकवादी समूह लश्कर-ए-तैयबाले गत २२ अप्रिलमा जम्मू कश्मीरको पहलगाममा आतंकवादी आक्रमण गरेपछि भारतले उनीहरूमाथि जवाफी कारबाही गरेको प्रस्ट्याए।

पहलगाम आक्रमणमा २५ जना भारतीय र एक नेपाली नागरिकको मृत्यु भएको थियो। पहलगाममा घुम्न गएका बेला उनीहरूमाथि आतंकवादी आक्रमण भएको थियो। आक्रमणपछि भारतीय एजेन्सीहरूले आक्रमणमा संलग्नहरूको पहिचान र उनीहरू बसेको स्थानलाई पहिचान गरेको थियो।

‘भारतको सूचना संयन्त्रले पहलगाम घटनाका दोषीहरू पाकिस्तानमा लुकीछिपी बसेको पहिचान गरेको थियो। संयन्त्रले उनीहरूको सेल्टरमाथि पनि निगरानी गरेको थियो। आतंकवादको सोही संरचनालाई निस्तेज पार्न भारतले उनीहरू लक्षित आक्रमण गरेको हो,’ राजदूत श्रीवास्तवले भने।

उनले पाकिस्तानले खुला रूपमा आतंकवाद र आतंकवादीलाई समर्थन गर्दै आएको आरोप लगाए। त्यसको सबैले खुलेर विरोध गर्नुपर्ने उनको भनाइ छ। ‘यो हामीले मात्रै होइन, संसारले भन्ने गरेका छन् कि पाकिस्तानले आतंकवादलाई प्र श्रय दिन्छ। त्यस्ता संस्थाहरूलाई संरक्षण गर्छ। भारतमाथि ती संगठनहरूले पटक-पटक निशाना साँध्दै आएका छन्। त्यस्ता आतंकवादी संरचनालाई परास्त गर्न अपरिहार्य छ,’ उनले भने। राजदूत श्रीवास्तवले आतंकवादविरुद्ध विश्व समुदाय एक भएको बताए।

उनले नेपालले पनि आतंकवादविरुद्ध उभिएको सन्देश दिनु सकारात्मक भएको बताए। परराष्ट्र मन्त्रालयले बिहीबार प्रेस विज्ञप्ति जारी गरेर आतंकवादविरुद्ध भारतप्रति बलियो समर्थन जनाएको थियो। ‘नेपालले पनि वक्तव्य जारी गरेर आतंकवादविरुद्ध उभिएको सन्देश दिएको छ। त्यो सकारात्मक पक्ष हो। मैले प्रधानमन्त्रीज्यू र परराष्ट्रमन्त्रीज्यूलाई भेटेर पछिल्लो विकसित घटनाक्रमबारे जानकारी गराएको थिएँ। उहाँहरूले पनि नेपाल आतंकवादविरुद्ध उभिने दोहोऱ्याउनुभएको थियो,’ उनले भने।

राजदूत श्रीवास्तवले जारी लडाइँलाई भारत र पाकिस्तानबीचको युद्ध नभएको प्रस्ट पारे। ‘यो त आतंकवादविरुद्धको लडाइँ हो। जब पहलगाममा आतंकवादी आक्रमण भयो। त्यसपछि मात्रै हो हामीले आतंकवादी लक्षित आक्रमण गरेको। हामीले कुनै द्वन्द्व चाहेका छैनौं। पाकिस्तानले सुरु गरेको हो। यसको अन्त्य गर्ने बल पनि पाकिस्तानकै कोटमा छ,’ उनले भने। राजदूत श्रीवास्तवले दक्षिण एसियामा आतंकवाद भारत र पाकिस्तानमा मात्रै सीमित नभएको बताए। यसलाई सबैले साझा मुद्दा बनाउनुपर्ने उनको भनाइ छ। ‘आतंकवाद भारत र पाकिस्तानमा मात्रै सीमित छैन। यो दक्षिण एसियाकै साझा समस्या हो। यसलाई सबै मुलुकहरूले साझा मुद्दाका रूपमा अगाडि बढाउनुपर्छ,’ उनले भने।

उनले अहिलेको द्वन्द्व चर्किनुमा पनि भारतको कुनै दोष नरहेको बताए। ‘आतंकवादलाई प्र श्रय दिने मुलुकमा पर्छ पाकिस्तान। अहिलेको द्वन्द्व सिर्जना गरेर पनि उसैले तनाव बढाइरहेको छ,’ उनले भने।

भारतीय विमान खसालेको मिथ्या सूचना पनि पाकिस्तानले फैलाइरहेको उनको भनाइ छ। ‘पाकिस्तानले भारतको विमान खसालेको लगायत मिथ्या सूचना विश्व समुदायमाझ फैलाइरहेको छ। पाकिस्तानका मन्त्रीहरू नै भ्रम फैलाउन उद्यत छन्,’ उनले भने।

» बाँकी पृष्ठ ७

## पाकिस्तानले कायरतापूर्ण व्यवहार देखाएको भारतको आरोप



**काठमाडौं** (अन्नपूर्ण) : भारत सरकारले पाकिस्तानले कायरतापूर्ण व्यवहार देखाएको आरोप लगाएको छ।

बिहीबार राति भारतका विभिन्न क्षेत्रमा धर्म र समुदाय लक्षित प्रहार गरेर पाकिस्तानले कायरतापूर्ण व्यवहार देखाएको शुक्रबार विदेश मन्त्रालयमा आयोजित पत्रकार सम्मेलनमा भारतीय विदेश मन्त्रालयका सचिव विक्रम मिश्रीले जानकारी दिए।

उनले पाकिस्तानले आरोप लगाएजस्तो मस्जिदमा हमला नगरिएको तर आतंकवादी ठेगानामा हानिएको बताए। पाकिस्तानले भने शिख समुदायलाई लक्षित गरेर आक्रमण गरेको उनको भनाइ थियो।

त्यस्तै, विश्व समुदायमाझ पनि पाकिस्तानले मिथ्या सूचना फैलाइरहेको भारतको आरोप छ। पाकिस्तानका मन्त्रीहरू नै भ्रम फैलाउन उद्यत रहेको विदेश सचिव मिश्रीले बताए।

पाकिस्तानले बिहीबार भारतको पश्चिम सीमा क्षेत्रको ३६ स्थानमा आक्रमण गरेको भारतले पुष्टि गरेको छ। पाकिस्तानले टर्किस निर्मित हतियार प्रयोग गरी कन्धार, उरी, पुन्च, मेन्धर, राजौरी, अख्नुर र उधमपुरमा आक्रमण गरेको कर्नेल सोफिया कुरैशीले बताइन् । उक्त घटनाहरूमा केही भारतीय सुरक्षाकर्मी हताहत भएको र केही घाइते भएको उनले बताइन्। भारतको जवाफी कारबाहीमा भने पाकिस्तानी सेनामा ठूलो क्षति पुगेको भारतको दाबी छ। त्यस्तै पाकिस्तानले प्रहार गरेका धेरै ड्रोनलाई खसालेको भारतको दाबी छ।

त्यस्तै पाकिस्तानले त्यहाँको व्यावसायिक उडानलाई ढालको रूपमा प्रयोग गरिरहेको मिश्रीले आरोप लगाए। पाकिस्तानले पटक-पटक भारतमाथि आक्रमण गरेर असफल प्रयास गरे पनि त्यहाँका उडानहरू नरोकेको आरोप मिश्रीको छ। पाकिस्तानको उक्त कदमले अन्तर्राष्ट्रिय उडानमा पनि खतरा पर्न सक्ने आंकलन भारतको छ।

विदेश सचिव मिश्रीले पाकिस्तान अन्तर्राष्ट्रिय समुदाय र राष्ट्रसंघबाट समेत प्रतिबन्धित सबै आतंककारीहरूको घर भएको भन्दै इस्लामावादले भनेजस्तो संयुक्त अनुसन्धान समिति तत्काल सम्भव नरहेको प्रष्ट पारेका छन्।

मिश्रीले अहिलेसम्मका अनुभव सकारात्मक नरहेको भन्दै पाकिस्तानले मागेको अन्तर्राष्ट्रिय समुदायसहितको संयुक्त अनुसन्धान आतंककारीको बचाउ गर्ने रणनीतिमात्र हुन सक्ने बताए।

पाकिस्तानले भारतले दाबी गरेजस्तो आतंकवादीहरूको ठेगाना पाकिस्तानमा नरहेको भन्दै स्वतन्त्र र संयुक्त अनुसन्धानको माग गर्दै आएको छ। तर, भारतले पाकिस्तानको यो आग्रह आतंकवादीमाथिको आक्रमण र अनुसन्धान रोक्ने रणनीति भएकाले तत्काल सम्भव नरहेको बताएको छ। भारतले पाकिस्तानको सेना, सैनिक संरचना र सर्वसाधारणलाई आक्रमण नगरी आतंकवादीहरूको ठेगानामा मात्र पहिचानसहित हमला गरिएको जनाएको छ।

तर, पाकिस्तानले भने जवाफी कारबाहीका नाममा १६ जना सर्वसाधारणको हत्या हुने गरी आक्रमण गरेको विदेश सचिव मि श्रीले बताए। मि श्रीले अप्रेसन सिन्दूरका क्रममा सुरक्षा बलहरूले गरेको अप्रेसनको विवरण भने दिन नमिल्ने बताए।

## वडाको राजस्व कर्मचारीको खातामा

भरतराज बिष्ट | *कालीकोट*

पलाँता गाउँपालिका-८ मा जनताबाट उठेको आन्तरिक राजस्व रकम कर्मचारीको व्यक्तिगत खातामा जम्मा गर्ने गरिएको छ। वडासचिव विशाल रावतको व्यक्तिगत खातामा सो रकम जम्मा गर्ने गरिएको हो। वडाको आन्तरिक राजस्वको रकम यसरी कर्मचारीको खातामै जम्मा गर्नु भनेको राजस्वको सरासरी दुरुपयोग भएको स्थानीयको आरोप छ। पलाँता गाउँपालिका-८ निवासी मदन रोकायाले वडाको राजस्व रकम सेवाग्राहीहरूबाट वडासचिव रावतले आफ्नो बैंक खातामा जम्मा गर्नु भन्नु नियम कानुनविपरीत भएको भन्दै जिल्ला प्रशासन कार्यालय कालीकोटमा निवेदन दिएका छन्। प्रमुख जिल्ला अधिकारी नारायणप्रसाद भट्टराईले निवेदनको तत्काल सुनुवाइ गरी पलाँता गाउँपालिकालाई पत्राचार गरिसकेको बताए। उनले भने, ‘वडा सचिव रावतलाई एक हप्ताभित्र उपस्थित गराउन समेत पालिकालाई भनिसकेका छौं। अनुसन्धान हुन्छ। अनुसन्धान गर्दा रकम हिनामिना गरेको भेटिएमा कानुन अनुसार कारबाही हुन्छ।’ आन्तरिक राजस्वको रकम व्यक्तिको खातामा हाल्नु भनेको गलत रहेको प्रजिअ भट्टराईले बताए। ‘आन्तरिक राजस्व कार्यालयहरूको राजस्व ईसेवाबाट नै दाखिला गर्न सकिन्छ’, उनले भने।

करदाताले आन्तरिक राजस्व विभाग अन्तर्गतका कुनै पनि राजस्व कार्यालयको भ्याट, सम्पत्ति कर, व्यवसाय कर तथा अन्य सेवा शुल्क ईसेवाबाटै बुझाउन सक्छन्। ईसेवामा यो सेवा उपलब्ध भएपछि करदाता तथा सेवाग्राहीलाई यस्तो झञ्झटबाट मुक्ति मिलेको छ। पलाँता गाउँपालिकाका प्रवक्ता तथा वडा नम्बर ४ का अध्यक्ष तिलक बुढाले वडा नम्बर ८ को कार्यालयमा मात्रै नभई पलाँता गाउँपालिकाको ९ वटै वडामा आन्तरिक राजस्वको खाता नभएको बताए। उनले भने, ‘पलाँता गाउँपालिकाका सम्पूर्ण वडाले असार मसान्तमा वा प्रत्येक ६ महिनामा गाउपालिकाको आन्तरिक राजस्वको खातामा वडामा उठेको सम्पूर्ण राजस्व रकम जम्मा गर्ने गर्छन्। पलाँता गाउपालिकाको प्राय वडामा नेटको सहज पँहुच छैन।’ वडा नं. ४ का वडासचिव धनबहादुर विश्वकर्माले आफूहरूलेकेही शुत्रमार्फत काम गर्ने गरेको बताए। उनले भने, ‘गाउँपालिकाका सबै वडामा आन्तरिक राजस्व जम्मा गरेर एकैचोटी गाउँपालिकाको आन्तरिक राजस्वको खातामा जम्मा गर्ने गरेका छौं। गाउपालिकाबाट ठेली लिन्छौ रसिद काट्छौं। वडामा सचिवकै खाता हुन्छ।’ ८ नम्बरका वडाअध्यक्ष गोगनबहादुर बमले आफ्नो वडामा मात्रै नभई गाउँपालिकाको सबै वडामा यस्तै गर्ने गरेको बताए।